रुरुक्षेत्र गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धिउबेसी, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल ।

च.नं. :
प.सं. :०८२/०८३

## तह बृद्धिको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

(सूचना प्रकाशित मिति: २०८२/०९/१६, ने.सं. ११४६ पोहेलाथ्व १२ बुधबार)

स्थानीय निजामती सेवा ऐन २०८१ को दफा ३१ बमोजिम तह बृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच बर्षको सेवा अवधी पुरा भएका, पछिल्लो पाँच बर्षको कार्य सम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेद्वारहरुले एक तह माथिको तहमा तहबृद्धि हुन चाहेमा तह बृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ४८ अनुसार सोही नियमावलीको अनुसूची-१६ बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिलका कागजात सहित आवेदन पेश गर्न स्थानीय निजामति सेवा नियमावली, २०८१ को नियम ४७ बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल:**

१. सक्कल निवेदन ।
२. हालको पदमा नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी ।
३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपी ।
५. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपी ।
६. पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फारम पेश गरेको निकायको विवरण ।
७. सम्वन्धित कार्यालयको सेवा निरन्तरता सम्वन्धी सिफारिस पत्र ।
८.हालसम्म विभागिय कारवाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तह वृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा ।
९. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी ।

दिनेश ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

Website: www.rurumun.gov.np Email: ruralruru@gmail.com Phone no: 079-410104

CamScanner